# नवदुर्गा गाउँपालिका

## गाउँसभाको १८ औँ अधिवेशनमा

प्रस्तुत बजेट तथा कार्यक्रम

२०८२/०८३

नवदुर्गा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक, डडेल्धुरा

मिति २०८२ असार १० गते मंगलबार

**नवदुर्गा गाउँपालिका गाउँसभाको १८ औँ अधिवेशनमा गाउँसभाका सदस्य श्री दिल बहादुर विष्ट ज्यूवाट प्रस्तुत बजेट तथा कार्यक्रम २०८२**

**सभाध्यक्ष महोदय,**

**गाउसभाका सदस्य ज्युहरु ,**

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभावाट पारित नेपालको संविधान २०७२ को कार्यान्वयन स्वरुप स्थानीय तहको आफ्नो नीति आफै तय गरि सरकारले गर्नु पर्ने सम्पुरण कार्यहरू बजेट तथा कार्यक्रम मार्फत जनताका पक्षमा कामकाज गर्नुपर्ने सम्बैधानीक व्यवस्था विद्यमान रहेको छ ।

राष्ट्रहित,लोकतन्त्र र अग्रगामि परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष,त्याग र बलिदानको गौरवमय इतिहासले बहुलबादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली स्थापनाका निम्ति आफनो ज्यान बलिदानी गर्नु हुने ज्ञात अज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दै घाईते, अपांगता भएका सम्पूर्ण योद्धाहरु, टुहुरा परिवारजन बेपत्ता र तिनका परिवारजनहरुको शिघ्र स्वास्थ्यलाभ सहित उपचारको उचित प्रवन्धको कामना एवम राष्ट्र निर्माणमा महत्वपुर्ण योगदान पुर्याउनु हुने राष्ट्रिय सपुतहरु लाई पुनः स्मरण गर्न चाहन्छु ।

जनताका तमाम अपेक्षाका विच बाट सिमित श्रोत साधनमा असीमित आवश्यकताको परिपुर्ति गर्दै जनताका जन चाहना अनुसार श्रोत साधनको तादम्यता कायम गर्नु पर्ने चुनौती हामी समक्ष विद्यमान छ भने सँगै संघीय सरकार तथा प्रदेश सरकारहरुले उपलब्ध गराउने अनुदानमा भर पर्नु पर्ने, आन्तरिक आय न्युन हुने, माथिल्ला सरकारहरुले अनुदानहरु मनपरि तवरले कटौति गरेर उपलब्ध गराउने जस्ता तमाम चुनौतीहरुको सामना गर्नु परिरहेको छ। परन्तु, उपलब्ध सीमित स्रोत र असीमित जनचाहानाका बीचबाट आदर्श अभ्यास मार्फत जनताको सर्वोपरी हीत गर्नु हाम्रो एक मात्र अभिन्न लक्ष्य रहेको छ ।

नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८२/०८३ को नवदुर्गा गाउँपालिकाको बजेट तथा कार्यक्रम आज यस गरिमामय गाउँसभा समक्ष पेश गरेको छु। यस सुखद पृष्ठभूमिमा यस सभामा आर्थिक बर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न आज सम्बोधन गर्न पाउदा अत्यन्त गौरवान्वित महसुश गरेको छु ।

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नवलिंक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक,राज्यका निर्देशक सिद्धान्त,नीति र दायित्व,सोह्रौ योजनाको प्राथमिकता, नवदुर्गा सरकारको नीति तथा कार्यक्रम, मध्यमकालिन संरचना र बजेटका सिद्धान्तका प्राथमिकता उपर सभा सदश्य ज्यूहरुबाट प्राप्त सुझाव र दिगो विकास लक्ष्यहरुलाई बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु।

समानुपातिक,समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संवैधानिक संकल्प पूरा गरि निरपेक्ष गरिबिको मारमा परेका वर्ग, क्षेत्र, लिंग र समुदाय सहितका आम नवदुर्गाबासि जनताको विकासको चाहनालाई सम्बोधन गरी आर्थिक सर्मद्धि,समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकता राखेको छु।

**सभाध्यक्ष ज्यू**

**गाउसभाका सदस्य ज्युहरु ,**

अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

चालु आर्थिक बर्ष २०८१।०८२ को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा पुगेका छौ।

चालु आर्थिक वर्षको एघार महिनासम्म कुल बजेटको ६४.४६ प्रतिशत खर्च भएको छ। जसमा चालु तर्फ ६९.०६ प्रतिशत र पूजिगत तर्फ ५३.४१ प्रतिशत खर्च भएको छ।

उच्च मूल्य वृद्धि र देशमा देखिएको आर्थिक मन्दि, संघीय सरकारको बजेट कटौती गर्ने निर्णय जस्ता विविध अवरोधका कारण चालु आवमा विभिन्न आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न चुनौति देखिएको छ।

चालु आवमा राजश्व बाडफाड र समानिकरण अनुदान कटौतीका कारणले वार्षिक अनुमानित आय भन्दा करिब रु २ करोड ५० लाख कम आम्दानी हुने देखिन्छ। घाटा बजेट तर्जुमा गर्दा अपेक्षित आय र व्ययको लक्ष्य हासिल गर्न चुनौतिपूर्ण रहेको छ।

आर्थिक वर्ष अन्त्य सम्ममा कुल खर्च ८५ प्रतिशत हुने अनुमान गरेको छु।

यस अवधीमा रडुवा फिन्देउ सडक स्तरोन्नती, गिल्ला मम्मे वर्थिङ्ग सेन्टर, दावली लिफ्ट खानेपानी, आधारभुत स्वास्थ्य केन्द्र चामामा भवन निर्माण, दोगाड गाउँपालिका सडक, वडा नं. ४ को वडा कार्यालय भवन, मष्ठा बैजनाथ आ.वि., नवदुर्गा मा.वि. भुवनेश्वरी मा.वि. का विद्यालय भवनहरु लगायतका ठुला आयोजनाहरु सम्पन्न भएका छन।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक,राज्यका निर्देशक सिद्धान्त,नीति र दायित्व,सोह्रौ योजनाको प्राथमिकता, नवदुर्गा सरकारको नीति तथा कार्यक्रम, मध्यमकालिन संरचना र बजेटका सिद्धान्तका प्राथमिकता उपर सभा सदश्य ज्यूहरुबाट प्राप्त सुझाव र दिगो विकास लक्ष्यहरुलाई बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु ।

समानुपातिक,समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संवैधानिक संकल्प पूरा गरि निरपेक्ष गरिबिको मारमा परेका वर्ग, क्षेत्र, लिंग र समुदाय सहितका आम नवदुर्गाबासि जनताको विकासको चाहनालाई सम्बोधन गरी आर्थिक सर्मद्धि,समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकता राखेको छु ।

**सभाध्यक्ष ज्यू**

**गाउसभाका सदस्य ज्युहरु ,**

अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक बर्ष २०८१।०८२ को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा पुगेका छौ ।

चालु आर्थिक वर्षको एघार महिनासम्म कुल बजेटको ६४.४६ प्रतिशत खर्च भएको छ । जसमा चालु तर्फ ६९.०६ प्रतिशत र पूजिगत तर्फ ५३.४१ प्रतिशत खर्च भएको छ ।

उच्च मूल्य वृद्धि र देशमा देखिएको आर्थिक मन्दि, संघीय सरकारको बजेट कटौती गर्ने निर्णय जस्ता विविध अवरोधका कारण चालु आवमा विभिन्न आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न चुनौति देखिएको छ ।

चालु आवमा राजश्व बाडफाड र समानिकरण अनुदान कटौतीका कारणले वार्षिक अनुमानित आय भन्दा करिब रु तिन करोड कम आम्दानी हुने देखिन्छ । घाटा बजेट तर्जुमा गर्दा अपेक्षित आय र व्ययको लक्ष्य हासिल गर्न चुनौतिपूर्ण रहेको छ ।

आर्थिक वर्ष अन्त्य सम्ममा कुल खर्च ८५ प्रतिशत हुने अनुमान गरेको छु ।

यस अवधीमा रडुवा फिन्देउ सडक स्तरोन्नती, गिल्ला मम्मे वर्थिङ्ग सेन्टर, दावली लिफ्ट खानेपानी, आधारभुत स्वास्थ्य केन्द्र चामामा भवन निर्माण, दोगाड गाउँपालिका सडक, वडा नं. ४ को वडा कार्यालय भवन, मष्ठा बैजनाथ आ.वि., नवदुर्गा मा.वि. भुवनेश्वरी मा.वि. का विद्यालय भवनहरु लगायतका ठुला आयोजनाहरु सम्पन्न भएका छन ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

**सभाध्यक्ष ज्यू**

**गाउसभाका सदस्य ज्युहरु ,**

अव म आगामि आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेट तथा कार्यक्रमको उद्देश्यहरु**

१. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु ।
२. जनताका आधारभुत आवश्यकता परिपूर्ति गर्दै गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुनिश्चितता गर्नु ।
३. वितिय जोखिमहरु न्यूनिकरण गर्दै संस्थागत सुशासन कायम गर्नु ।
४. संविधानमा व्यवस्था भएका मौलिक हक र राज्यका नीतिहरुको क्रमश कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गर्नु ।
५. अल्पकालिन,मध्यकालिन तथा दिर्घकालिन रोजगारी मार्फत गरिबी निवारण गर्नु ।
६. उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरि छिटो प्रतिफल दिने योजना निर्माण गर्नु ।
७. प्राकृतिक स्रोत साधन,पुरातात्विक सम्पदा र मौलिक पहिचानको सरक्षण गर्नु ।

**बजेट तथा कार्यक्रमको प्राथमिकताहरु**

१. गुणस्तरीय शिक्षा,स्वास्थ्य
२. कृषि क्षेत्रको रुपान्तरण, उत्पादन उत्पादकत्व,रोजगारि सिर्जना,गरिबी निवारण
३. पूर्वाधार विकास तथा निर्माण
४. स्थानीय आर्थिक विकास
५. वातावरण संरक्षण,विपद व्यवस्थापन
६. प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन, सदाचार

उल्लेखित उद्देश्य तथा प्राथमिकता हासिल गर्न आर्थिक बर्ष २०८२।०८३ को वजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न प्रमुख आधारहरु अवलम्वन गरेको छ ।

क) नेपालको संविधान
ख) स्थानीय सरकार संचालन ऐन, २०७४
ग) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
ङ) संघिय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु

नवदुर्गा गाउँपालिका
कार्यपालिकाको कार्यालय
गणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

च) नवदुर्गा गाउँपालिकाको वार्षिक निति तथा कार्यक्रम २०८२

छ) संघिय र प्रादेशिक सरकारको आवधिक विकास योजना

ज) संघिय तथा प्रदेश सरकारको मार्ग दर्शन

झ) आर्थिक सामाजिक पुर्वाधार वातावरण संस्थागत विकास सुशासन जस्ता क्षेत्रगत आधारहरु।

ञ) दीगो विकासका लक्ष्यहरु

ट) नवदुर्गा गाउँपालिकाको आवधिक योजना

ठ) नवदुर्गा गाउँपालिको मध्यमकालिन खर्च संरचना

ड) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७४

**सभाध्यक्ष ज्यू एवम**

**गाउसभाका सदस्य ज्युहरु ,**

अब म आ.व.२०८२/०८३ को मुख्य मुख्य क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**पुर्वाधार विकास**

**सडक पुर्वाधारः**

- संघ सरकार तथा प्रदेश सरकारको समन्वय एवम सहकार्यमा कोटेली-चोरा-गाउँपालिका, रडुवा-वडम-फिन्देउ-गाउँपालिका, रडुवा-बेडुपानी-दावली-घुप्ता-गाउपालिका, सिरोई-बेलापुर-गाउँपालिका, मम्मे-गिल्ला-सुवाकोट-बेलापुर, खोडानेटा-चामा-स्लेक-गाउँपालिका सडक शेरी चामा-चामा-ढुङ्गाढ, दुलैना गजेला चामा सडकमा बाह्रै महिना यातायात संचालन हुने गरि सडक मर्मत सुधार सहित सडकको स्तरोन्नतीका लागि प्रदेश सरकारसँगको समन्वयमा बजेट व्यवस्था गरिएकोछ।
- कोरालखोला मम्मे गिल्ला सुवाकोट बेलापुर सडक सतरोन्नती सहित तल्लीखाली तिम्ला सडक निर्माण एवम कोराखोलामा मोटरेवल पुल निर्माण गरि यातायात सेवा सुचारू गर्न संघ र प्रदेश सरकारसँग निरन्तर समन्वय र सहकार्यमा आगामि वर्ष कार्यान्वयन हुने चरणमा रहेका छन।
- स्थानीय सडकहरूको मर्मत सम्भारका लागि आफ्नै स्रोत र साधनबाट गर्ने कार्यलाई प्रोत्साहन गर्न स्थानीय मर्मत सम्भार समुह सहित सडक सरसफाईका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु।
- संघ तथा प्रदेश सरकारवाट यस स्थानीय तहमा निर्माणाधीन एंव वजेट विनियोजन गरिएका सडकहरु डाडावन-कुरगेडी-घुप्ता,पोखरा –बेलापुर सडक, रडुवा फिन्देउ सडक यथाशीघ्र सम्पन्नताका लागि सम्वन्धित निकाय संग सहकार्य गरेकोछु।
- यस गाउँपालिकाको सदरमुकाम केन्द्र जोड्ने सडक पुर्वाधारको रुपमा रहेको दोगाड गाउँपालिका सडकको कालोपत्रे सहित सडक स्तरोन्नती गरि गाउँपालिका केन्द्र सम्मको यातायातमा सहजता ल्याउन यसै बर्षबाट कालोपत्रेको काम सुभारम्भ गर्न १ करोड ३४ लाख विनियोजन गरिएको छ।

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी ... अवस्थी

- स्थानीय आवश्यकता पहिचान गरी झोलुङ्गेपुल निर्माणका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गर्दै अधुरा रहेका झोलङ्गे पुलहरू निर्माण सम्पन्नका लागि आवश्यक पहल गरिने एवम आगामि आर्थिक वर्ष भित्रै सम्पन्न हुन बाकि झोलङ्गे पुलहरूको निर्माण कार्य आगाडि बढाउन आवश्यक प्रवन्ध मिलाइएको छ।
- गाउँपालिकाको सवै वडा केन्द्रहरुलाइ गाउँपालिका केन्द्र सँग आवद्ध गर्ने सडकहरु एवं अन्य शाखा सडकहरुको स्तरोन्नतिलाई प्राथमिकता दिईनेछ। व्यवस्थित सडक निर्माणको लागि प्रदेश यातायात गुरुयोजनामा समावेश गर्ने व्यवस्था व्यवस्था मिलाएको छु।
- रडुवा फिन्देउ सडकको स्तरोन्नतिको कार्य निरन्तरता दिदै चालु आ.व. मा संघीय सरकारको समपुरक बजेट बाट आगामि वर्षमा सम्पन्न गर्ने लक्ष्य सहित बजेट व्यवस्था गरिएको छ।

उल्लेखित सडक पुर्वाधारहरुको निर्माण तथा मर्मत कार्यका लागि संघीय सरकार समपुरक अनुदान साझेदारी सहित २ करोड ८ लाख बजेट प्रबन्ध गरिएको छ।

**खानेपानी तथा सरसफाइ**

- आधारभुत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित रहेका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा पुर्याउने कार्यक्रमलाई उच्च प्राथमिकता दिईएको छ।
- संघ/प्रदेश सरकारवाट निर्माण हुने अगेडिगडा लिफ्ट, जिमराडि बडम लिफ्ट, बृहत कोटेली खानेपानी मर्मत सुधार तथा पुर्नः निर्माण, नवदुर्गा बेलापुर खानेपानी मर्मत एवम पुर्नःनिर्माणका लागि आवश्यक समन्वय गरि खानेपानीका आयोजनाहरुमा प्रथम प्राथमिकता दिईएको छ।
- खानेपानीको चरम अभाव रहेका कोटेली, मणिलेकको वगाल वडम वस्ति, नवदुर्गा डाडाबन आदि बस्तीहरुमा खानेपानी आपुर्ति गर्न प्रदेश तथा संघ सरकारको समन्वयमा आगामी आ.व.मा निर्माण प्रक्रिया अगाडी वढाइने व्यवस्था मिलाइएको छ। वृहत मणिलेक खानेपानी आयोजना पुर्नः निर्माणका लागि भारतिय राजदुतावास सँगको निरन्तर पहलमा आगामी आ व मा सुरुवात गर्ने व्यवस्था मिलाएको छ।
- यस आ.व.मा शुद्ध पिउने पानीलाई प्रमुख प्राथमिकता दिई खानेपानीको अभावलाई न्युन गर्न र सबै बस्ती समुदाय तथा ब्यक्तिहरु सम्म पानीको सहज आपुर्ति गर्ने कार्यका लागि स-साना खानेपानीको आयोजनाहरूको निर्माण तथा मर्मतका लागि आवश्यक बजेट प्रवन्ध गरेको छु।
- ठुला बृहत खानेपानी योजना अन्तर्गत लीउडानी बडम मणिलेक वृहत खानेपानी, नवदुर्गा बेलापुर, सिन्टोलीगाड खानेपानी जस्ता ठुला आयोजनाहरु मर्मत सम्भार एवम पुर्नः निर्माणका लागि संघ तथा प्रदेश सरकार सगँ निरन्तर पहल गरिएको छ।
- खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन पानीपोत उठाउने नीति एवम खानेपानी आयोजनाहरुमा पानी हेरालु पलम्बर लाई पारिश्रमिक सहित सानातिना मर्मतमा जिम्मेवार बनाउन मर्मत सम्भार कोषको व्यवस्था मिलाइएको छ।

उल्लेखित सबै साना तथा ठुला खानेपानी आयोजनाहरु निर्माण तथा मर्मत कार्यका लागि संघीय सरकार र प्रदेश सरकारबाट समेत आवश्यक बजेट प्रवन्ध गरिएको छ।

**भवन निर्माण**

- सबै वडाहरूका आफ्नै वडा कार्यालय भवन निर्माण गर्दै लैजाने नीति अनुरुप आगामि आ व मा बाकी रहेका वडा नं. ३ र वडा नं. ५ को कार्यालय भवन निर्माणका लागि संघ तथा विशेष अनुदानका लागि आवश्यक पहल एवम संघ प्रदेश सरकारसँग समन्वय गरि भवन निर्माण कार्यलाई अगाडी बढाइएको छ।
- चालु आ.व.मा आधारभुत स्वास्थ्य केन्द्र चामाको भवन निर्माण कार्य सम्पन्न गर्दै निर्माणाधिन आयुर्वेदिक औषधालय मणिलेकको भवन आगामि आ व मा निर्माण कार्य समपन्न गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।
- विद्यालयमा रहेका अधुरा र अपुरा भवनहरु निर्माण कार्यलाई तिव्रता दिन आगामि आ व मा संघ तथा प्रदेश सरकारको समन्वयमा भवन निर्माण कार्यलाई प्राथमिकताका साथ जोड दिई विद्यालय पुर्वाधारमा सुधार ल्याउन प्रदेश सरकारको सहयोगमा विभिन्न विद्यालयका भवन तथा विद्यालय पुर्वाधार निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
- गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणाधिन अवस्थामा रहेकोमा आगामी आ.व.मा प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरी सोही भवन बाटै सेवा प्रवाह गर्न अन्तिम भुक्तानी दिने व्यवस्था मिलाइएको छ।
- वडा नं. ५ मा रहेको आधारभुत स्वास्थ्य केन्द्र भवन यसै वर्ष सम्पन्न गरि आवास व्यवस्था सहितको स्वास्थ्य संस्थाबाट आधारभुत स्वास्थ्य केन्द्रको सेवा सुचारू गरिनेछ।

उल्लेखित सवै भवन निर्माण कार्यका लागि रु. ५६ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

**आवास तथा पुर्ननिर्माण एकिकृत वस्ति विकास**

- प्रदेश सरकारसँगको सहकार्यमा जनता आवास कार्यक्रम सञ्चालन गरि सुरक्षित आवास व्यवस्थापन गर्न रु २५ लाख विनियोजन गरिएको छ।
- सुरक्षित नागरिक आवास कार्यक्रमको मर्मलाई आत्मसाथ गरी फुसका छाना विस्थापित गरी जस्ताका छाना लगाउने कार्यलाई निरन्तरता दिन प्रदेश सरकारसँगको समन्वयमा छनोटमा परेका घरहरूको छानाका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
- भुमिहिन अल्प संख्यकहरुको तथ्याङ्क लगत खडा गरि उनीहरुको ब्यवस्थित बसोवासको ब्यवस्था मिलाउन नेपाल सरकार भुमि ब्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय, भुमि आयोगसंगको सहकार्यमा जनता आवास

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

कार्यक्रम र शहरी विकास मन्त्रालय संग आवश्यक समन्वय सहकार्यमा कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाइएको छ।

- वडा नं ४ को गिल्ला क्षेत्रमा महिला सुत्केरी हुदा सुरक्षित आवासको समस्या रहेकाले सो स्थानमा निर्माणाधिन सुत्केरी आवास गृह निर्माणलाई पुर्णता दिइ मम्मे गिल्ला बर्थिङ्ग सेन्टरको भवन निर्माण कार्य सम्पन्न भइसकेकोमा विकट बस्ति एवम स्वास्थ्य संस्थामा पहुँच अभिवृदि गर्न सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण प्रयोजनार्थ रु २० लाख बजेट व्यवस्था गरिएको छ।
- भुमि समस्या समाधान आयोगसँगको सहकार्यमा अव्यवस्थित बसोबासीहरुलाई जग्गा नापजाँच गरि पुर्जा हस्तान्तरण गर्ने नीति अनुरुप वडा नं. १ असुर्पाबाट नाँपजाँच कार्य अगाडि बढिसकेकोमा आगामि आ व भित्रै आवेदनकर्ताहरुको निस्सा बमोजिमको नापी कार्य सम्पन्न गर्ने गरि आवश्यक व्यवस्था मिलाइएको छ।

उक्त सबै आवास तथा एकिकृत बस्ती विकास सहित सुरक्षित आवास तथा घर निर्माणका लागि रु. ४६ लाख बजेट बिनियोजन गरिएको छ।

### सिंचाई

- कृषियोग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाई सुविधा उपलब्ध गराउन सिँचाइ विकासको गुरुयोजना र कृषि विकास रणनीति तर्जुमा गर्न आवश्यक व्यवस्था मिलाइएको छ।
- साना सिचाई योजना तथा प्लाष्टिक पोखरी सिचाई योजनालाई निरन्तरता दिइएको छ।
- कृषिमा आधुनिकीरण गर्न र कृषि पेसालाई जीवन निर्वाहको माध्यमका रुपमा विकास गर्न सम्भावित,र स्रोत उपलब्ध स्थानहरुमा सिचाईलाई उच्च प्राथमिकतामा राखि सिचाईका योजनाहरु कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।
- कृषि वालीनालीको उत्पादन वढाउन परम्परागत सिचाई प्रणालीलाई व्यवस्थीत गर्न आकाशे पानी संकलन पोखरी प्लाष्टिक पोखरी जस्ता कार्यक्रमहरुलाई अगाडी वढाई व्यवसायिक तरकारी खेती तथा नगदेवालीको उत्पादनमा जोड दिइने नीतिलाई निरन्तरता दिदै सम्पुर्ण सिचाई पूर्वाधारको मर्मत सुधार अधुरा सिचाइ आयोजनाको पुर्णता एवम साना सिचाई तर्फ प्रदेश सरकारसँगको सहकार्यमा कुल रु. ३७ लाख बजेट बिनीयोजन गरिएको छ।

## आर्थिक विकास

### उद्योग

[illegible] कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गरी युवाहरुका लागि सीपमुलक कार्यक्रम, ड्राईभिङ तालिम,कम्प्यूटर तालिम, सिकर्मी, डिकर्मी तालिम, बेमौसमी तरकारी खेति, मौरि पालन जस्ता उद्यमहरु संचालन गर्ने व्यवस्था मिलाउन संघ सरकारसँगको सहकार्यमा रु २२ लाख बजेट व्यवस्था गरिएकोछ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी

- युवाहरुको रोजगारीका लागि वैदेशिक श्रम बजार माथिको परनिर्भरता घटाउन गाउँपालिकामा साना उद्योग स्थापना गर्न गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम मेडपालाई प्रभावकारी रुपमा अगाडी बढाउदै स्थानिय सिप विकासलाई बढावा दिने व्यवस्था मिलाईएको छ ।
- वडा नं. ३ को तल्लो बस्तीमा सालका पातबाट दुनाटपरी बनाउने र बजारीकरण गर्न मेशिन जडान गरि दुनाटपरी निर्माण गर्ने उद्यमको थालनी गर्दै वडा नं. २ को वेडुपानीमा साझा सुविधा केन्द्रमा मसला प्रशोधन उद्यमलाई कार्यान्वयनमा ल्याउन गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

उल्लेखित सवै कार्यकाहरु लागि रु २२ लाख विनियोजन गरिएको छ ।

**कृषि**

- एक वडा एक उत्पादन नीति अनुरुप फरक फरक वडाहरूमा बालीको सम्भाव्यताका आधारमा एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।
- कृषिमा विभिन्न समयमा रोगकिराको कारण हुने कृषकको क्षति एवम मौषमजन्य प्रकोपका कारण बालीनालीमा क्षति हुन जाने अवस्थालाई मध्यनजर गरि खेतिपातिमा कृषि बिमा कार्यक्रम सन्चालनमा जोड दिइएको छ ।
- यस गाउँपालिकालाई आलुमा आत्मनिर्भर बनाउन आलु खेती बिस्तार कार्यक्रमलाई निरन्तरता दिन आवश्यक प्रवन्ध मिलाइएको छ ।
- कृषि क्षेत्रमा मागमा आधारित युवा लक्षित कार्यक्रम सन्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।
- व्यवसायीक कृषकहरुका लागि आवश्यक पर्ने आधुनिक कृषि औजार लगायत उन्नत बीउ बिजनका लागि अनुदान दिने व्यवस्था मिलाइएको छ ।
- कृषक पाठशालाहरु सन्चालन गरी कृषकहरुलाई दक्ष बनाईने नीति अबलम्बन गर्दै कृषक पाठशालाको विस्तारलाई निरन्तरता दिइएको छ ।
- प्रविधिहस्तान्तरण कार्यक्रम अन्तरगत सिडबिन, हातेट्रयाक्टर, प्लाष्टिक पोखरी, प्लाष्टिक टनेल जस्ता सामाग्रीहरु अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।
- यस गाउँपालिकाको क्षेत्र भित्र उल्लेख्यरुपमा उत्पादन हुने मकै तथा भटमास वालीलाई प्रर्वद्धन गर्न उन्नत विउ वितरणमा जोड दिदै माटो सुहाउँदो मकै र भटमास विउमा अनुदान दिने व्यवस्था मिलाइएको छ ।
- आगामी आ.व.मा प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना सँगको साझेदारीमा प्रविधि हस्तान्तरण र आलु उत्पादन तथा वेमोसमी तरकारी उत्पादनमा थप क्लष्टरहरु समावेश गर्ने र आलु बीउमा अनुदान दिने नितिलाई निरन्तरता दिइएको छ ।
- साना सिंचाई, मझौला सिंचाई र बृहत सिंचाई योजनाको पहिचान र अभिलेखीकरण गरी नियमित सञ्चालनमा ल्याउन बिशेष योजना सहित संघिय र प्रदेश सरकार संङ्ग समन्वय गरि आवश्यक वजेको व्यवस्था गरिएको छ ।

गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी

उल्लेखित कृषि तर्फका सवै कार्यक्रममा प्रदेश सरकारसँगको समन्वयमा समेत रु. ८० लाख बजेट विनियोजन गरिएको छ ।

**पशुपंक्षीपालन**

- यस गाउँपालिकाका पशुपालन गर्ने कृषकहरूका लागि पशुधनमा हुने क्षति न्युनीकरणका लागि पशुपन्छी उपचार का लागि औषधी खरिदमा आवश्यक प्रवन्ध मिलाइएको छ ।
- खोप कार्यक्रम/स्थाई बन्ध्याकरण कार्यक्रम/ स्कुल शिक्षा कार्यक्रम/ जनचेतना मुलक कार्यक्रम, रेविज रोग नियन्त्रण कार्यक्रम जस्ता अभियानलाई निरन्तरता दिइएको छ ।
- पशुहरूको पोषण सम्वेदनशिलता लाई मध्यनजर गर्दै पोषण सम्बन्धी कार्यक्रममा जोड दिइएको छ ।
- दुध उत्पादन, मासु उत्पादन, फुल उत्पादन गर्ने कृषकलाई उत्पादनका आधारमा अनुदान प्रदान गर्ने उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनको व्यवस्था मिलाइएको छ ।
- बर्खे तथा हिउदे एक बर्षे र बहु बर्षे घाँस खेती कार्यक्रमलाई अभियानका रुपमा संचालन गर्ने प्रवन्ध मिलाइएको छ ।
- कृषकहरुको व्यवसायीकतालाई पहिचान गरी अनुदान प्रदान गरिने व्यवस्था मिलाईएको छ ।
- पशुपंक्षीको मासुको बजार प्रवर्धन गर्न सुरक्षित माशु पसल ब्यवस्थित गर्न आवश्यक सहयोग गर्ने अनुदान नीतिलाई निरन्तरता दिदै शुद्ध मासु पसल संचालनका लागि अनुदानको व्यवस्था मिलाइएको छ ।
- कुखुरापालन, भैसीपालन, बाख्रापालन,तर्फ युवा तथा कृषकलाई समुहमार्फत अनुदान दिइ आयआर्जनमा जोड दिने उद्देश्यले अनुदानको व्यवस्था मिलाइएको छ ।

उल्लेखित सवै कार्यका लागी प्रदेश सरकार सँगको सहकार्यमा भैसिपालन पकेट क्षेत्र समेत रु. ७६ लाख विनियोजन गरिएको छ ।

**संस्कृति पर्यटन**

१. प्राकृतिक रुपले रमणीय स्थानमा रहेको नवदुर्गा गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको धनी भुमिमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणमा जोड दिदै यस गाउँपालिकाका मठ मन्दिरहरुको संरक्षण पुर्न निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२. यस गाउँपालिकाको वडा नं. ३ मा रहेको नवदुर्गा गाउँपालिकाको नामाकरण समेत नवदुर्गा भगवतीको नामबाट रहन गएकोमा उक्त प्रसिद्ध ऐतिहासिक, धार्मिक महत्व बोकेको नवदुर्गा भगवतिको मन्दिर निर्माण कार्य सम्पन्न हुने चरणमा रहेकाले आगामि आ व मा प्रदेश सरकारको समन्वयमा तथा गाउँपालिकाको साझेदारीमा मष्ठा भगवती पर्यटन क्षेत्र विकास गर्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

माथि उल्लेखित संस्कृती पर्यटन प्रदेश सरकारसँगको समन्वयमा समेत रु १८ लाख बिनीयोजन गरिएको छ ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

## सहकारी तथा गरिवी निवारण

- सार्वजनिक निजी क्षेत्र तथा सहकारी सहितको तीन खम्बे अर्थ नीति अवलम्वन गर्दै सहकारी क्षेत्रको बिकासमा सहभागिता सुनिश्चितता गर्न इच्छुक  सहकारी मार्फत अनुदान वाट साना स्वरोजगारका कार्यक्रमहरुमा लागत सहभागिता सुनिश्चितता गर्न आवश्यक व्यवस्था मिलाईएको छ।
- सहकारी क्षेत्रमा वर्तमानमा देखिएको ऋण डुब्ने समस्या तथा सहकारीका बचतकर्ताहरुको बचत गुम्ने समस्यालाइ मध्यनजर गरि त्यस्तो समस्या आउन नदिन समयमै गाउँपालिका भित्र रहेका सहकारीहरुको अनुगमन गरि सहकारी सम्बन्धी कानूनको कडाईका साथ परिपालना गर्ने व्यवस्था मिलाईएको छ।
- सहकारी प्रर्वद्धनमा जोड दिदै सहकारी क्षेत्रको बिकासका लागि आवस्यक पर्ने सीप क्षमता अभिबृद्धि हुने खालका कार्यक्रमहरु अगाडी बढाउन गाउँपालिका भित्र संचालनमा रहेका सबै सहकारीहरुको प्रर्वद्धनमा जोड दिदै सहकारी क्षेत्रको बिकासका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत अति गरिव परिवारका सदस्यहरु सम्मिलित उद्यम समुहहरुलाई रोजेको ब्यवसायका लागि आवश्यक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईएको छ।
- गरिवि निवारण कोषबाट घुम्ति बीउ पुजीका रुपमा छरिएर रहेको वीउ पुजीलाई एकतृत गरि उद्देश्य अनुरुप गरिव न्युनीकरणका लागि लगानी गर्ने व्यवस्था मिलाइएको छ।
- गरिवसँग विषेश्वर कार्यक्रम अन्तरगत साना पुर्वाधार तथा आयआर्जनका लागि अनुदान दिने प्रवन्ध मिलाइएको छ।

सहकारी क्षेत्रको समग्र विकासका लागि कुल रु. ५ लाख  वजेट विजियोजन गरेको छु।

## सामाजिक विकास

### स्वास्थ्य

- गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य सँस्थाहरुबाट नि:शुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभाबकारी रुपमा सन्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- नसर्ने रोगको प्रकोप बढिरहेको सन्दर्भमा नवदुर्गा गाउँपालिका बासी आम जनसमुदायको जीवनशैली तथा खानपिनमा सुधार ल्याउन जनचेतनामुलक कार्यक्रम सन्चालनमा जोड दिन, साथै सुर्तीजन्य पदार्थ, लागु पदार्थ दुर्वेसनि र अन्य स्वास्थ्यलाई हानि गर्ने बस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहित गर्ने कार्यक्रम सञ्चालनका लागि रु ६ लाख बजेट व्यवस्था गरिएको छ।
- यस गाउँपालिकाको समग्र स्वास्थ्य अवस्थामा सुधार ल्याउन पालिकाले तयार गरेको स्वास्थ्य तथा सरसफाई ऐन, स्वास्थ्य, सरसफाई तथा पोषण नीति र स्वास्थ्य क्षेत्रको आवधिक योजनालाई पूर्ण कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाईएको छ।

नवदुर्गा गाउँपालिका
गाउँपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- नवदुर्गा गाउँपालिकाका सबै वडाहरुमा बर्षमा एक पटक नि:शुल्क एकिकृत स्वास्थ्य शिबिर सन्चालन गर्न, साथै उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, मुटु रोग, दम जस्ता नसर्ने रोगहरुको निदान, उपचार तथा व्यवस्थापन गर्न आवश्यकता अनुसार बिशेष एकीकृत अभियान सन्चालन गर्न रु १८ लाख बजेट व्यवस्था गरिएको छ ।
- खोपबाट बचाउन सकिने रोगहरुको उन्मुलन, निवारण र नियन्त्रणका लागि केन्द्रिय सरकारको नीति अनुरुप कार्यान्वयन र निगरानी कार्य गर्न, साथै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गर्ने कार्यलाई हरेक बर्ष निरन्तरता दिन रु २ लाख ५० हजार बजेट बिनियोजन गरिएको छ ।
- स्वास्थ्य सँस्थाबाट नि:शुल्क वितरण हुने तोकिएका औषधिहरुमा आवश्यकता अनुसार थप गरि सहज रुपमा उपलब्ध भएको सुनिश्चित गर्ने व्यवस्था मिलाईएको छ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रबाहको लागि गिल्ला मम्मेमा निर्माण सम्पन्न चरणमा रहेको स्वास्थ्य पूर्वाधार लगायत सेवा प्रवाह गरिरहेका स्वास्थ्य सँस्थाहरुमा औषधि, औषधिजन्य सामग्री र औजार तथा उपकरणको व्यवस्था गर्न आवश्यक बजेट प्रवन्ध गरिएको छ ।
- किशोर किशोरी, महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न आवश्यक कार्यक्रम सन्चालन गरिनेछ, पाँच वडा मध्य चार वडामा सन्चालनमा रहेको सुरक्षित गर्भपतन सेवालाई वडा न. ५ मा समेत विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- खाद्य बिबिधिकरणमा जोड दिदै शिक्षा शाखा संगको समन्वयमा सबै बिद्यालयहरुमा पोषण व्यवहार परिवर्तन, बिद्यालय स्वास्थ्य तथा पोषण र बजारिया खान (Junk Food) लाई निरुत्साहित गर्न चौमासिक रुपमा अभिमुखीकरण कक्षा सन्चालन गर्ने व्यवस्था मिलाईएको छ ।
- पालिका अन्तर्गत ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरु, बिपन्न व्यक्तिहरु, अपांग, जेष्ठनागरिक र अन्य पिछडिएका वर्गलाई नि:शुल्क प्रेषणका लागि एम्बुलेन्स सेवा सहित आवश्यक व्यवस्था मिलाईएको छ ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न, जेष्ठ नागरिक र अपांगहरुको घरमै सामान्य स्वास्थ्य जाँच तथा उपचार गर्न बिगत देखि काम गरिरहेका एक वडा एक सामुदायिक स्वास्थ्यकर्मी कार्यक्रम,पोषण अवस्थामा सुधार ल्याउने उदेश्यले संचालित सुनौला हजार दिन लक्षित पोषण चौतारी कार्यक्रम, सन्चार तथा समन्वयका लागि महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई सन्चार खर्च, गर्भवती लक्षित नि:शुल्क भिडियो एक्सरे कार्यक्रम लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाईएको छ ।
- महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायसंगको सहकार्यमा पाठेघर खस्ने (आङ खस्ने) सम्वन्धी समस्याहरुको स्क्रिनिङ गरि अप्रेशन गर्न शिविर सञ्चालन गर्ने प्रबन्ध मिलाईएको छ ।

नवदुर्गा गाउँपालिका
गाउँपालिकाको कार्यालय
गणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- आयुर्वेद चिकित्सा लाइ विशेष प्रोत्साहन गर्नका लागि विशेष योजना र कार्यक्रम गर्ने नीति अनुरुप नागरिक आरोग्य केन्द्र स्थापना भइ सकेकामा थप प्रभावकारी बनाउन नागरिक आरोग्य केन्द्रलाइ आवश्यक पुर्वाधार सहित औषधि उपचारका लागि आवश्यक सामग्री उपलब्ध गराउन र आर्युवेदिक औषधालय मणिलेकमा आवश्यक उपकरण सहित आर्युवेदिक चिकित्सालाई बढावा गर्न नागरिकको पहुच अभिबृद्धि गर्न रु ७ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ ।
- नवदुर्गा गाउँपालिका भित्र रहेका एच आई भि संक्रमितहरुको आत्म सम्मान पुर्वक मनोवल बढाउने उद्देश्यले उनीहरुका लागि औषधी उपचार र जिविकोपार्जनका लागि आयआर्जन मुखि कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईएको छ ।

माथि उल्लेखित स्वास्थ्य तर्फको कार्यक्रम सम्पन्न गर्नका लागि रु. २ करोड ८ लाख बिनियोजन गरेको छु ।

**शिक्षा**

- नवदुर्गा गाउँपालिकाको प्रतिबद्धता निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पहुँचमा सुनिश्चितता" मूल नाराका साथ बालमैत्री विद्यालय वातावरण निर्माण गर्दै आधारभूत शिक्षालाई सामुदायिक विद्यालय मार्फत क्रमशः अनिवार्य निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क गरिनेछ साथै प्राविधिक शिक्षाको पहुँचमा जोड दिने व्यवस्था मिलाइएको छ ।
- गाउँपालिका भित्र आवाशीय विद्यालय संचालन अनुदान लिई सञ्चालनमा रहेका विद्यालयलाई थप व्यवस्थित गर्दै शैक्षिक गुणस्तर सुधार गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- पालिकामा सञ्चालित अंग्रेजी, गणित र विज्ञान विषयका विषयगत शिक्षक दरबन्दी नभएका आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० लाई विद्यालयमा मौजुदा दरबन्दी संख्यालाई एकिन गरी शिक्षण अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।
- विद्यालय उमेर समूहका सवै बालबालिकालाई विद्यालय शिक्षाको पहुँचमा ल्याउन भर्ना अभियान कार्यक्रम सञ्चालनमा ल्याइनुको साथै विद्यार्थी टिकाउदर र विचैमा विद्यालय छोड्ने दरमा अपेक्षित सुधार गर्न अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।
- पालिकास्तरीय कक्षा ५ र ८ को परीक्षा र SEE परीक्षाको नतिजाको आधारमा उत्कृष्ट छात्रा/छात्र, विद्यालय प्रधानाध्यापकसँग गरिएको कार्य सम्पादन करार सम्झौता अनुसार उत्कृष्ट अंक ल्याउने प्रध्यानाध्यापक र सामाजिक लेखा परीक्षाणको मापदण्ड तथा शैक्षिक गुणस्तर सुधार कार्य योजानाको आधारमा उत्कृष्ट विद्यालयलाई पुरस्कृत गरी प्रोत्साहित गर्न र गाउँपालिकामा रहेका दलित तथा अपाङ्ग छात्र/छात्रालाई प्रोत्साहन गर्न कक्षा ११ र १२ प्राविधिक शिक्षा अध्ययनको लागि SEE को उत्कृष्ट नतिजाको आधारमा छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।
- नवदुर्गा गाउँपालिकाको कक्षा १-८ को हाम्रो नवदुर्गा नामक स्थानीय पाठ्यक्रमलाई आवश्यक परिमार्जन सहित कार्यान्वयनमा ल्याउन व्यवस्था मिलाइएको छ ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी ... अवस्थी

- पालिकामा सञ्चालित ICT सुविधा नभएको विद्यालय संख्या एकिन गरी कम्प्युटरको सुविधा नभएका विद्यालयहरुलाई ल्यापटप तथा डेस्कटप व्यवस्थापन गरी सिकाइलाई प्रविधीसंग जोड्न आवश्यक व्यवस्था मिलाइएको छ ।
- बालबालिकाहरुको सार्वाङ्गिण विकासको लागि विभिन्न प्रतिभा पहिचान कार्यक्रम, अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रमलाई विशेष प्राथमिकता दिइएको छ।
- पालिका तथा वडास्तरमा खेल पूर्वाधार विकास सम्बन्धी कार्यहरु गरिनुको साथै पालिका, जिल्ला, प्रदेश र केन्द्रीय तहका खेलकुदमा उत्कृष्ट क्षमता प्रदर्शन गर्ने खेलाडीलाई सम्मान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।
- यस गाउँपालिकामा स्थायी बसोबासी रहेका विपन्न तथा जेहन्दार छात्र छात्राहरुका लागि उच्च प्राविधिक शिक्षा हासिल गर्न उचित प्रोत्साहन सहित छात्रावृति उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइएको छ।
- स्थानीय स्तरमा उत्पादन हुने खानेकुराहरुलाई विद्यालय दिवाखाजाको रुपमा प्रयोग गर्न सामुदायिक विद्यालयको वातावरणीय सरसफाईलाई मध्यनजर गर्दै विद्यालयलाई नि:शुल्क उपलब्ध गराइने स्यानिटरी प्याड व्यवस्थापन गर्न कक्षा ६ देखि १२ सम्म सञ्चालित विद्यालयहरुमा आवश्यक स्वास्थ्य सरसफाई सम्वन्धी सामाग्रीको व्यवस्थाका लागि आवश्यक बजेट प्रवन्ध गरिएको छ।
- कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरुको सिकाईस्तर उकास्नका लागि अंग्रेजी गणित र विज्ञान विषयहरुको ३ महिनाका लागि अतिरिक्त कक्षाहरुको संचालनको व्यवस्थालाई निरन्तरता दिइएको छ।
- विद्यालयमा रहेको शैक्षिक भौतिक पुर्वाधार र खानेपानीसंग सम्वन्धित समस्याहरुमा रहेका विद्यालयहरुको अनुगमन गरि आवश्यक सुधारका लागि सहयोग अनुदानको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा अन्तरगत रहेका विद्यालयहरूमा सामाजिक सञ्जालको दुरुपयोग तथा यसका असरहरू सम्बन्धी चेतना दिने उद्देश्यले मनोपरामर्शदाताको सहयोगमा परामर्शदाता कक्षा सञ्चालन गर्ने कार्यक्रमको व्यवस्था गरिएको छ।
- समय सापेक्ष गाउँपालिका अनुदानबाट पारिश्रमिक लिई न्युन पारिश्रमिकमा कामकाज गरिरहेका स्थानीय स्वयमसेवक शिक्षकहरूको पारिश्रमिकमा बढोत्तरी गरि न्युनतम पारिश्रमिक उपलब्ध गराउने र शिक्षण पेशा प्रति आकर्षित गराउन स्रोत अनुसार पारिश्रमिकमा उचित बढोत्तरी गरिएको छ।

उल्लेखित शिक्षा तर्फका सम्पुर्ण कार्यहरु समपन्न गर्न र सामुदायीक विद्यालयहरुका शिक्षक कर्मचारीहरुको तलव भत्ता समेतका लागि र गुणस्तरिय शिक्षाका लागि विषेश अनुदान समेत गरि रु १९ करोड २ लाख ९ हजार बजेटको व्यवस्था गरिएको छ।

**महिला तथा लैगिंक समावेशीकरण**

- लैगिंक समनाता तथा समावेशीकरण नीति निर्माण गरी कार्यान्वयन गर्दै लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिको अवलम्बन गरिएको छ।

लक्ष्मी प्रसाद अवस्थी

- महिलाहरुमा पर्ने सामाजिक असर कम गर्न एवम घरेलु हिंसाका कारण समस्यामा परेका महिलाहरुका लागि मनो सामाजिक कार्यक्रमहरु सहित महिला सेफ हाउस सञ्चलानका लागि सहयोग गर्ने व्यवस्था मिलाइएको छ।
- सामाजिक सुरक्षा तथा सरकारवाट कुनै प्रकारको संरक्षण प्राप्त गर्न नसकेका परिवार एंव सामाजिक रुपमा वंचितीकरणमा परेका एकल पुरुषहरुको जीवन निर्वाहलाइ सहज तुल्याउन आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- छाउपडी प्रथालाइ निरुत्साहित गर्दै उक्त अवस्थामा महिलाको जीवनशैली व्यवस्थित गर्न महिनावारि स्वच्छता कार्यक्रम सञ्चालनको प्रवन्ध गरिएको छ।
- आय आर्जनमा जोड दिने खालका आयोजना संचालनमा गाउँपालिकाको प्राथमिकता सुनिश्चित गरि आयआर्जन क्रियाकलाप सञ्चालन राष्ट्रपति महिला उत्थान कार्यक्रम तर्फ सहकार्य गर्दै आवश्यक बजेट व्यवस्था गरिएको छ।
- लैङ्गिक हिंसा, घरेलु हिसां मानव वेचविखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान लगायतका दिवशहरुमा सचेतीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिदै आवश्यक बजटको प्रबन्ध मिलाईएको छ।
- एकल महिलाहरुका लागि विगत वर्षहरु झै आयआर्जनका कार्यक्रम कुखुरा वाख्रा पालन व्यवसायीक तरकारी खेतीका लागि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिईएको छ।
- एकल असहाय महिलाहरुका बालबालिकाहरु लाई उच्च शिक्षाका लागि छात्रबृत्तिको ब्यवस्थालाई निरन्तरता दिईएको छ।

उपर्युक्त कार्यक्रमहरुका लागि रु ३२ लाख विनियोजन गरिएको छ।

**दलित तथा सिमान्तकृत बर्ग**

- प्रदेश सरकार सँगको समन्वयमा दलित तथा सिमान्तकृत वर्गहरुको शसक्तीकरणका लागि परम्परागत सीपमा आधारित पेशालाई व्यवसायिक रुपमा लैजान आधुनिक प्रविधि एवम मेशिन प्रयोगका माध्यमवाट उनिहरुको आयआर्जनका लागि टेवा पुग्ने र व्यवसायिक बनाउन आवश्यक तालिम सहित उनिहरुको शसक्तीकरणमा जोड दिन आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- परम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागु गरि ,जातीय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न विशेष व्यवस्था गरिने छ हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिदै दलित तथा सिमान्तकृत वाल वालिकाको निशुल्क शिक्षाको आवश्यक व्यवस्था मिलाईएको छ।
- दलित जातीहरुमा रहेको परम्परागत सीपमा आधारित पेशालाई व्यवसायीकरण तर्फ उन्मुख गर्न आधुनिक औजार सिलाई मेशिन,आरन सेट जस्ता सामग्री उपलब्ध गराई गरिवी निवारणका लागि लधु उद्यम विकास कार्यक्रम मेडपा अन्तरगत परम्परागत सीप विकासलाई आधुनिकीकरणमा जोड दिन आवश्यक बजेट प्रबन्ध गरिएको छ।

सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी ... अवस्थी

- विपन्न दलितका छात्र छात्रा हरुलाई शिक्षाको मुल प्रवाहीकरणमा ल्याउन प्राबिधिक शिक्षाको सुनिश्चितता गर्न दलित छात्रवृत्ती कार्यक्रम लाई प्राथमिकताका साथ कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईएको छ।
- दलित विपन्न नागरिकहरु को रुचि वमोजिमको सीप विकास गर्न सिकर्मी डकर्मी कार्पेन्टी जस्ता तालिमहरुको आयोजना गरी आयआर्जनमा अभिवृद्धि हुने खालका कार्यक्रमहरु कार्यान्वयनमा जोड दिदै आवश्यक बजेटको व्यवस्था गरिएको छ।

उत्पीडित दलित तथा सिमान्तकृत बर्ग लाई विकासको मुलप्रवाहीकरणमा समाहित गर्न र दलित हक अधिकार सुनिश्चित गर्न सशक्तिकरण समेतका लागि रु १० लाख विनियोजन गरिएको छ।

## युवा तथा खेलकुद

- यसै वर्ष यस गाउँपालिकाको पालिका स्तरिय खेलकुद मैदान (नवदुर्गा खेलग्राम) को निर्माण कार्य प्रारम्भ गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- युवा क्लव गठन गर्ने पद्धति व्यवस्थित गरिनेछ साथै गठित यूवा क्लव नविकरण गरी सामाजिक कार्यका लागि आवश्यक व्यवस्था गरिएको छ।।
- युवाको क्षमता विकास कार्यक्रम लोकसेवा तयारी कक्षा,ड्राईभिङ तालिम,कम्प्यूटर तालिम,आदि संचालन गर्ने गरी आवश्यक बजेट प्रबन्ध गरिएको छ।
- विद्यालय स्तरमै खेलकुदको विकास गर्न आवश्यक खेल सामग्रीहरु प्रदान गरिने र खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिदै थप वडामा खेल पुर्वाधार निर्माणका लागि आवश्यक बजेटको प्रवन्ध गरिएको छ।
- कृषि क्षेत्रमा युवाहरुको घटदो आकर्षणलाई निरुत्साहित गरि आर्थिक बिकासको मुल आधार कृषिमा आधुनिकीकरण सहित युवा अनुदानमा बढोत्तरी गरि कृषि उत्पादनको प्रतिफलबाट युवाहरुको आय आर्जनमा जोड दिने व्यवस्था मिलाईएको छ।
- युवा युवतीहरुका लागि विकास आयोजना लगायत प्रधानमन्त्री रोजगार कार्यक्रममा वढी से वढी सहभागिता गराई अवसरहरुको सिमित भए पनि रोजगारीको उचित व्यवस्था गर्ने प्रवन्ध मिलाईएको छ।

उल्लेखित यस्तै क्रियाकलापहरु संचालन गर्न प्रदेश सरकारसँगको सहकार्यमा समेत युवा तथा खेलकुद कार्यक्रम तर्फ रु [illegible] लाख विनियोजन गरिएको छ।

## बालबालिका

- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको सुनिश्चितता गर्न सम्बन्धीत पक्षहरूसँग सहकार्य गरि बालस्याहार गृहमा व्यवस्था गर्न आवश्यक व्यवस्था गरिएको छ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नगिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समितिमा बाल सहभागिताको सुनिश्चितता गर्ने व्यवस्था मिलाइएको छ।
- शहिद बेपत्ताका छोरा छोरीहरु वावाआमा गुमाएका टुहुरा वालवालिका हरु संरक्षरण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने टिकाउने पढाउने र सिकाउने निति सँगै उनीहरुको पालन पोषण को उचित प्रवन्ध मिलाउन टुहुरा बालबालिकाहरुका लागि मासिक वृति उपलब्ध गराउन बजेट व्यवस्था गरिएको छ।

उल्लेखित वालवालिका लक्षित कार्यक्रम सम्पन्न गर्न रु. १३ लाख रकम विनियोजन गरिएको छ।

**वृद्ध वृद्धा जेष्ठ नागरिक**

१. "वृद्ध वृद्धाहरु वोझ होइनन मार्ग दर्शक हुन सम्मान गर्नुपर्छ भन्ने ध्यका साथ जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइएको छ।

२. जेष्ठ नागरिकहरुले पाउदै आएको सामाजिक सुरक्षा बृत्तीलाई बैङ्किङ प्रणाली मार्फत उपलब्ध गराउने व्यवस्था मिलाईएको छ।

३. बहिस्करणमा परेका वृद्ध वृद्धा को पुर्न स्थापना कार्यक्रम,स्वास्थ्य चेकजाँचका लागि आँखा शिविर,स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ।

४. एकल अवस्थामा रहेको घरपरिवारबाट वहिस्कृत पारिएको एकल वृद्ध विदुर पुरुषहरुका लागि सम्मान पुर्वक बाच्न पाउँने व्यवस्था गर्दै आवश्यक संरक्षणका लागि वृति अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईएको छ।

**अपाङ्गता**

- अपांगता शिवीर संचालन गरी अपाङ्गता परिचयपत्र वितरणको व्यवस्था मिलाईएको छ।
- अपाङ्गता भएका ब्यक्तिहरुका लागि आवश्यक पर्ने सहायक सामाग्री सेतो छडी,बैशांखी, हवील चेयर जस्ता अपाङ्ग सहयोगी सामाग्री बितरण गर्न आवश्यक व्यवस्था मिलाईएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई आयआर्जन तथा स्वरोजगारमुलक कार्यक्रम तिर प्रोत्साहित गरि आत्मनिर्भर तथा अपाङ्ग नागरिकहरुका घर निर्माण गर्न आवश्यक बजेट प्रवन्ध गरिएको छ।
- अपाङ्ग मैत्री भौतिक संरचना निर्माणमा जोड दिंदै अपाङ्गता भएका व्यक्तीहरुको क्षमता विकासका लागि विभिन्न सीप विकास कार्यक्रम संचालनको व्यवस्था मिलाइएको छ।
- अपाङ्गता भएका ब्यक्तीहरुलाई संगठित गर्न उनीहरुको वडा तथा गाउँपालिका स्तरिय संजाल गठन गरि उनीहरुकै अर्थपुर्ण सहभागितामा अपाङ्गता भएकाहरुको कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईएको छ।

उल्लेखित अपांगता भएका व्यक्तिहरुको शसक्तिकरण सहित कार्यक्रमका लागि रु. ४ लाख रकम विनियोजन गरिएको छ

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी ... अवस्थी

## राहत तथा सहयोग कोष

१. लैङ्गिक हिंसा मावन बेचबिखनमा परेका पिडित तथा प्रभावितहरुका लागि आपतकालिन अवस्था भएमा पिडित एवम आवश्यक सहयोगको लागि पालिका स्तरिय अध्यक्ष राहात तथा सहयोग कोषलाई निरन्तरता दिईएको छ।

२. आमाबुबा गुमाएका नाबालक टुहुरा बालबालिका अशाहाय महिला निसन्तान एवम सन्तान वाट संरक्षण नपाएका विदुर पुरुष तथा एकल महिलाहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

३. लैङ्गिक हिंसा, अति विपन्न विपद प्रभावित पीडितहरु तथा स्वास्थ्य उपचारको अभावमा उपचार नपाएका व्यक्तिहरुलाई राहत प्रदान गर्न गाउँपालिका अध्यक्ष राहातकोषको व्यवस्था गर्दै राहात तथा सहयोग कार्यका लागि १० लाख रकम बिनियोजन गरिएको छ।

## वातावरण, जैविक विविधता तथा विपद व्यवस्थापन

१. विपद व्यवस्थापनको पुर्व तयारी तथा प्रतिकार्य योजना बनाई लागु गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

२. सार्वजनिक स्थानमा वृक्षारोपण तथा वन डढेलो नियन्त्रणका कार्यक्रमहरु सचांलन गर्न र अग्नि नियन्त्रकको व्यवस्थापन तथा परिचालनका लागि आवश्यक बजेटको व्यवस्था गर्दै वर्षातका कारण अवरुद्ध हुन जाने सडकहरुको पुर्न सञ्चालनका लागि सडक सरसफाई तर्फ आवश्यक बजेको व्यवस्था गरिएको छ।

३. वर्षात तथा बाढीपहिरोमा परि क्षति हुन सक्ने पुर्वाधार संरचना खानेपानी भवन पुर्वाधार लगायत नागरिकका निजी घर खेतहरुको संरक्षणका लागि आवश्यक तारजाली खानेपानी पाइपहरुको व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाईएको छ।

माथि उल्लेखित कार्यका लागि रु. ८ लाख रकम विनियोजन गरिएको छ।

## सूचना र संचार

१. सञ्चार क्षेत्रमा क्रियाशील सार्वजनिक संघ–संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गर्न जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्नका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

२. यस गाउँपालिका सहित गाउँपालिका भित्रका सवै सार्वजनिक संस्थाहरुमा हाई स्पिड सहितको फाइवर इन्टरनेट सेवा विस्तारको लागि आवश्यक वजेट व्यवस्था गरिएको छ।

३. हाम्रो पालिका डिजिटल पालिका अवधारणा अन्तरगत डिजिटल सूचना पाटी, नागरिक वडापत्रको समुचित व्यवस्थापनका लागि आवश्यक प्रवन्ध मिलाईएको छ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी ... अवस्थी

५. गाउँपालिकाको गतिविधीलाई सार्वजनिक गर्ने एवम मिडिया परिचालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

सुचना संचार क्षेत्रमा कुल रु. १३ लाख रकम विनियोजन गरिएको छ।

**सुशासन सेवा प्रवाह र जनशक्ती विकास**

- सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दै आन्तरीक खर्चलाई चुस्त बनाउन र कार्यालयवाट हुने सबै भुक्तानी सोझै सेवाग्राहिको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइएको छ।
- सम्पुर्ण खरिद प्रक्रियालाई व्यवस्थित बनाउन खरिद योजना तयारी गरि विद्युतिय वोलपत्र मार्फत खरिद गर्ने कार्यलाई कडाईका साथ लागु गर्ने प्रबन्ध मिलाईएको छ।
- गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट नेटवर्किङ्ग गर्दै ई–गभरनेन्स सेवा प्रारम्भ गर्न यसै वर्ष सबै वडाहरु मा इन्टरनेट जडानका कार्यहरु सम्पन्न भइसकेकोमा राजस्व असुली आन्तिरिक आम्दानीको व्यवस्थीत अभिलेखीकरण गर्न अनलाईन राजस्व अशुलीलाई कडाइका साथ लागु गर्न राजस्व मोड्युल तालिमको आवस्यक प्रवन्ध मिलाईएको छ।
- आन्तरिक राजश्व अभिवृद्धिका लागि करको दायरा विस्तार एव करका विद्धमान दरलाई समय सापेक्ष बनाइ कर असुलीलाई कडाईका साथ लागु गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ।

उपर्युक्त सम्वन्धमा सार्वजनिक सेवा प्रवाह र जनशक्ति विकासका सम्पूर्ण कार्यका लागि जनशक्ति व्यवस्थापन तर्फ आवश्यक बजेटको व्यवस्था गरिएको छ।

उपर्युक्त माथि उल्लेखित बजेट तथा कार्यक्रम भित्र समेटिन नसकेका आयोजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि स्रोत अभाव हुने हुदा सरकारी तथा गैरसारकारी निकाय सँग साझेदारी एवम सहकार्य गर्न तथा ठुला आयोजनाहरु दातृ निकायको साझेदारीमा सम्पन्न गर्न रु ३ करोड ८५ लाख समपुरक कोषको बजेट व्यवस्था गरिएको छ।

**सभाध्यक्ष ज्यू, एवम**

**गाउँसभाका सदस्य ज्युहरु ,**

माथि उल्लेखित सवै कार्यक्रम तथा बजेटहरुको स्रोत अनुमानका लागि सघं तथा प्रदेश सरकारबाट अनुदान,राजश्व र गाउँपालिकाको आन्तरिक आय, मुख्य स्रोतको रुपमा रहेको कुरा जानकारी गराउन चाहन्छु।

उल्लेखित नीति तथा कार्यक्रम ,बजेट तथा योजना सम्पन्न गर्न आ.व.२०८२।०८३ मा कुल बजेट रु. ४६ करोड ७६ लाख ११ हजार रहेको छ। कुल आय मध्ये

आन्तरिक राजश्व रु २५ लाख ३० हजार

संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु. ८ करोड ६१ लाख

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी

प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु. ७६ लाख ३३ हजार
संघीय सरकारबाट प्राप्त राजश्व बाडफाडबाट रु. ८ करोड ६८ लाख ३० हजार
प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाडबाट रु.२४ लाख २६ हजार
संघीय सरकारबाट प्राप्त शर्षत अनुदान रु. १९ करोड १६ लाख
प्रदेश सरकारबाट प्राप्त शर्षत अनुदान रु. ४ करोड १५ लाख
सघीय सरकारबाट प्राप्त सम्पुरक अनुदान रु.१ करोड ८७ लाख
संघीय सरकारबाट प्राप्त विषेश अनुदान रु.१ करोड ६५ लाख
प्रदेश सरकारबाट प्राप्त सम्पुरक अनुदान रु. ६३ लाख
प्रदेश सरकारबाट प्राप्त विषेश अनुदान रु. ७५ लाख
संकलन हुन सक्ने सम्भावित आन्तरिक स्रोत,संघीय र प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान, संघीय र प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाड रकम समेत गरि कुल बजेट रु. ४६ करोड ७६ लाख १९ हजार रकमको यस गरिमामय सभामा योजना तथा कार्यक्रम तर्जुमा गरि पेश गरेको छु।

आय तर्फ कुल बजेट रु. ४६ करोड ७६ लाख १९ हजार आयको प्रक्षेपण गरिएको छ। सम्पुर्ण खर्च हुने बजेट खर्च तर्फ चालु खर्च ८ करोड ६८ लाख, पुँजीगत खर्च तर्फ ९ करोड १७ लाख ८६ हजार, समपुरक अनुदान तर्फ २ करोड ५० लाख तथा विषेश अनुदान तर्फ २ करोड ४० लाख एवम सर्शत कार्यक्रम तर्फ २४ करोड ३ हजार गरी कुल ४६ करोड ७६ लाख १९ हजार व्यय हुने अनुमान गरिएको छ।

अन्तमा आर्थिक वर्ष २०८२।०८३ को वजेट तथा कार्यक्रम तर्जुमा गर्न अहम भुमिका निर्वाह गर्नु हुने सभाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारी साथीहरु राजनीतिकर्मीहरु एवम गाउँपालिका वासीहरु लगाएत सवैमा हार्दिक आभार व्यक्त गर्दै वजेटको पुर्ण सदुपयोग सहित प्रभावकारी कार्यान्वयनमा जुट्न सवै जनप्रतिनिधि,कर्मचारी,उपभोक्ता गाउँपालिका अन्तरगतका सवै कार्यालयहरु नागरिक समाज वुद्धिजिवी एंवम् समस्त नवदुर्गा वासीहरुमा अनुरोध गर्दै विदा हुन्छु।

धन्यवाद।

आदेशानुसार प्रस्तुतकर्ता
दिल वहादुर विष्ट
वडा अध्यक्ष
नवदुर्गा गाउँपालिका डडेल्धुरा
मिति २०८२ साल असार १० गते मंगलबार

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

...प्रसाद अवस्थी
अध्यक्ष